प्रकाशनः 2025 साल 9 महिना/शरद ऋतु अंक

# नाकानो वडा विदेशी परामर्श काउन्टर सूचना पत्रिका

## नाकानो वडा कार्यालयको विदेशी परामर्श काउन्टरको बारेमा थाहा छ ?

निम्न परामर्शहरू गर्न सकिन्छ ।
- वडा कार्यालयबाट चिठीपत्र आएको छ यसमा के लेखिएको होला ?
- निःशुल्क जापानी भाषा पढ्न पाईने ठाउँ कहाँ छ होला ?
- बच्चा पनि साथमै जापान लिएर आएँ, उसलाई जापानी स्कुलमा भर्ना गर्न सकिन्छ ? आदि

दैनिक जीवनमा आईपरेका विविध समस्याहरूको बारेमा निर्धक्क भएर परामर्श गर्नुहोस् । आवश्यकता अनुसार वडा कार्यालयको सम्वन्धित विभाग अथवा अन्य संस्थाहरूको जानकारी पनि दिइनेछ ।

### नाकानो वडा विदेशी परामर्श काउन्टर

**समय** कार्यालय खुल्ने दिन
बिहान 10 बजेदेखि 12 बजेसम्म
दिउँसो 13 बजेदेखि 17 बजेसम्म
※ शनि, आइत, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा 12 महिनाको 29 देखि 1 महिनाको 3 सम्म बिदा

**डेस्क परामर्श** नाकानो वडा कार्यालयको 4 तला नागरिक सेवा विभाग

**टेलिफोन परामर्श** 03-3228-8929 (सीधा सम्पर्क)

**भाषा** अंग्रेजी, चिनिया, जापानी भाषा
※ भाषा अनुवाद गर्ने ट्यावलेटमार्फत 30 वटा भाषाहरूमा परामर्श गर्न सकिनेछ ।

### विदेशीका लागि नाकानिवा बैठक

महिनामा एक पटक कार्यालयको पहिलो तलामा विदेशी नागरिकहरूका लागि परामर्श कार्यक्रम आयोजना गरिन्छ । त्यहाँ विदेशी नागरिकको निवास अनुमति र जापानी नागरिकतासँग सम्बन्धित विशेषज्ञसँग परामर्श लिन सकिने दिन पनि हुन्छ ।

**समय** बिहान 10 बजेदेखि 12 बजेसम्म
दिउँसो 13 बजेदेखि 16 बजेसम्म
10 महिना 14 (मंगल), 11 महिना 11 (मंगल)
12 महिना 16 (मंगल)

**स्थान** नाकानो वडा कार्यालय 1 तला (नाकानिवा)
※स्थान परिवर्तन हुन सक्नेछ ।

---



## 【जापानी संस्कृतिको परिचय】
## कोउयोउ (शरद ऋतुका रंगीन पातहरू)

शरद ऋतु आउँदा रूखका पातहरूको रङ्ग हरियोबाट रातो, सुन्तला र पहेंलो रंगमा परिवर्तन हुन्छन् । यसलाई जापानी भाषामा "कोउयोउ (रातो–पात)" भनिन्छ । कोउयोउको समयमा मानिसहरू सुन्दर पातहरू हेर्नका लागि पहाड, उपत्याका र बगैचाहरुमा जान्छन् । कोउयोउको मौसम प्रायजसो अक्टोबरदेखि नोभेम्बरसम्मको हुन्छ । तर क्षेत्र वा स्थानको उचाइ अनुसार फरक–फरक हुन्छ । कोउयोउको समयमा, जापानभरका विभिन्न स्थानहरूमा पातहरू कुन अवस्थामा छन् (रङ बदलिन सुरु भएको, सबैभन्दा सुन्दर देखिने वा पातहरु झर्न लागेको समय) भनेर इन्टरनेटमा खोज्न सकिन्छ । तर, कोउयोउ र साकुरामा फरक छ । साकुराको फूल हेर्ने (हानामी) भन्दा फरक कोउयोउ हेर्दा रूखमुनि बसेर खाना (वेन्तो) खाने वा पेय पदार्थ पिउने चलन भने छैन ।

「स्वतन्त्र प्रशासनिक निगम जापान फाउण्डेसन जापानी भाषा अन्तर्राष्ट्रिय प्रतिष्ठान」

## नाकानो वार्डको इजाजतपत्र प्राप्त बाल हेरचाह सुविधाको लागि आवेदन

**2026 को 4 बाट भर्ना हुन मान्यता प्राप्त बालआश्रमको आवेदनको अन्तिम मिति 10 महिनाको 31 हो ।**

**आवेदन प्रकृया** इलेक्ट्रोनिक अथवा हुलाक मार्फत वाल हेरचाह सुविधाको भर्ना शाखामा आवेदन दिनुहोस् ।

**आवेदन समय** 10 महिनाको 2 तारिक (विहीवार) देखि 10 महिनाको 31 तारिक (शुक्रवार) सम्म
विस्तृत जानकारीको लागि नाकानो वडाको होमपेज हेर्नुहोस् ।

▲
नाकानो वडाको होमपेज




▲
वाल आश्रम आदिको जानकारी

## विपद् व्यवस्थापन अनुभव

**सरल जापानी भाषामा विपद् व्यवस्थापन अनुभव यात्रा**

**लक्षित व्यक्ति** साधारण जापानी भाषा बुझ्ने व्यक्ति

**आयोजित मिति** हरेक महिनाको दोस्रो आइतवार
10 महिना 12 तारिक, 11 महिना 9 तारिक, 12 महिना 14 तारिक

**समय** विहान 9:20 देखि 11 बजेसम्म
दिउँसो 13 बजेदेखि 14:40 बजेसम्म

**स्थान** इकेबुकुरो विपद् व्यवस्थापनको भवन (टोकियो-तो, तोसिमा-कु, निशी इकेबुकुरो 2-37-8)

**आवेदन प्रकृया** वेव साइट अथवा टेलिफोन (03-3590-6565)
विस्तृत जानकारीको लागि QR कोड स्क्यान गरेर हेर्नुहोस् ।

▲
इकेबुकुरो विपद् व्यवस्थापनको होमपेज

## जापानी भाषा सिक्न चाहने विदेशी महानुभावहरू

**अनलाईन जापानी भाषा कक्षा**

**लक्षित व्यक्ति** नाकानो वडामा रहेर काम अथवा अध्ययन गर्ने, पहिलो पटक जापानी भाषा सिक्न चाहने विदेशी नागरिकहरू ।

**तालिका** 10 महिनाको 15 तारिक (बुधवार) देखि 12 महिनाको 20 तारिक (शनिवार) सम्म । जम्मा 20 पटक। विस्तृत जानकारीको लागि नाकानो वडाको होमपेज हेर्नुहोस् ।

**आवेदन समय** 9 महिनाको 2 तारिक (मंगलवार) देखि 11 महिनाको 13 तारिक (विहीवार) सम्म होमपेजभित्रको सम्बन्धित फारम भरेर आवेदन दिनुहोस् ।

**क्षमता** 20 जना । (यदि आवेदक संख्या धेरै भएमा गोला प्रथाद्वारा छनौट गरिनेछ ।)

नाकानो वडाको होमपेज ▶

## चिकित्सा जानकारी

**विदेशी बिरामीहरूको लागि चिकित्सा उपचार**

टोकियो महानगरको स्वास्थ्य संस्था आदिको जानकारी टेलिफोनमार्फत दिइने गरिएको छ । अंग्रेजी, चिनियाँ, कोरियन, थाइ र स्पेनी भाषामा जानकारी उपलब्ध गराइन्छ ।

**समय** बिहान 9 बजेदेखि साँझ 20 बजेसम्म (365 दिन)

**टेलिफोन** 03-5285-8181

▲
टोकियो महानगरको होमपेज

### स्वास्थ्य जानकारी सन्जाल (नावी)

उपलब्ध विदेशी भाषाहरूको आधारमा तपाईंले जापानभरीका स्वास्थ्य संस्थाहरूको खोज गर्न सक्नुहुन्छ ।

स्वास्थ्य जानकारी सन्जाल (नावी) ▶


प्रकाशक：नाकानो कु, नागरिक मामिला विभाग, नागरिक सेवा शाखा, नागरिक परामर्श इकाई
विदेशी परामर्श काउन्टर 03(3228)8929(सीधा सम्पर्क)
〒164-8501 नाकानो कु, नाकानो 4-11-19 नाकानो वडा कार्यालयको 4 तला
वर्षमा 4 पटक ( 6 महिना, 9 महिना, 12 महिना, 3 महिना) जापानी, अंग्रेजी, चिनियाँ र नेपाली भाषामा प्रकाशित गरिनेछ ।